चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ | चापाकोट | २०७७ फाल्गुण ०४ गते | संख्या : १०

## भाग २

## भवन अभिलेख तथा नियमित गर्ने कार्यविधि, २०७७

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ चापाकोट २०७७ फाल्गुण ०४ गते संख्या : १०

## भाग २

## भवन अभिलेख तथा नियमित गर्ने कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७/११/०४

**प्रस्तावना** : चापाकोट नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका भवन तथा घरहरुको अभिलेखीकरण गर्न वाञ्छनीय भएकाले,

चापाकोट नगरपालिका नगर सभाबाट स्वीकृत गरी यो कार्यविधि बनाई जारी गरीएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक तथा परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “भवन अभिलेख तथा नियमित गर्ने कार्यविधि, २०७७” रहने छ ।

(२) यो कार्यविधि नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि चापाकोट नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**कार्यपालिका**" भन्नाले नेपालको संविधानको धारा २१६ बमोजिम गठीत चापाकोट नगरपालिका सम्झनु पर्दछ ।

(ख) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई पर्दछ।

(ग) "**नगरसभा**" भन्नाले संविधानको धारा २२३ बमोजिम गठीत चापाकोट नगरसभा सम्झनु पर्दछ ।

(घ) "**वडा कार्यालय**" भन्नाले यस नगरपालिका अन्तरर्गतका वडा कार्यालहरुलाई सम्झनु पर्दछ ।

(ङ) "**अधारभुत निर्माण मापदण्ड**" भन्नाले नगर विकास ऐन २०४५, भवन ऐन २०५५ र भवन संहिता २०६० अनुरुपका व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याउन तयार गरिएको यस बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ लाई सम्झनु पर्दछ ।

(च) "**सडकको अधिकार क्षेत्र (Right Of Way)**" भन्नाले ऐन, नियम तथा स्वीकृत मापदण्डले तोकेको सडकको चौडाईलाई सम्झनु पर्दछ ।

(छ) "**अभिलेखीकरण**" भन्नाले नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका वा नगरपालिका स्थापना भै सकेपछि नगरपालिकाबाट स्वीकृति नलिई निर्माण भएका घर तथा भौतिक संरचनाहरुको नगरपालिकामा अभिलेख राखी घर नक्सा नियमित गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ज) "**स्ट्रक्चर/सिभिल इन्जिनियर**" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् मा दर्ता भई इन्जिनियरिङ्ग व्यवसाय गर्ने अनुमती प्राप्त विशेषज्ञलाई जनाउँछ ।

(झ) "**परामर्शदाता**" भन्नाले कानूनत सम्बन्धित निकायमा दर्ता भई व्यवसायीक रुपमा घर तथा भौतीक संरचनाहरुको ड्रईङ्ग, डिजाइन, स्पेसिफिकेशन तथा संरचनागत विश्लेषणको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "**भौतीक संरचना**" भन्नाले आवासिय प्रयोजनको लागि बाहेक उधोग, कलकारखाना, गोदामको लागि तयार गरिएको संरचना, पशुपालनको लागि तयार गरिएको गोठ लगायत यस्तै प्रकृतिका अन्य संरचनाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## अभिलेखीकरण गर्न सकिने

३. नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका सबै किसिमका घर तथा भौतीक संरचनाको अभिलेखीकरण गर्न सकिने छ । नगरपालिका स्थापना भई सके पछि नगरपालिकाबाट स्वीकृति नलिई निर्माण भएका घर तथा भौतीक संरचनाहरु, नगरपालिका स्थापना भई सके पछि नक्सापासको लागि निवेदन पेश गरेका तर त्यस भन्दा पछाडीको कुनै पनि कानूनी प्रक्रिया पुरा नगरेका तर घर निर्माण सम्पन्न भई सकेका संरचनाहरु, एकतलाको स्वीकृती लिई दुई वा यो भन्दा बढी तला थप गरी निर्माण सम्पन्न भई सकेका घर संरचनाहरुको अभिलेखीकरण गर्न सकिने छ ।

४. नगरपालिका स्थापना भई सके पछि नक्सापासको लागि निवेदन पेश गरेका तर त्यस भन्दा पछाडीको कुनै पनि कानूनी प्रक्रिया पुरा नगरी घर निर्माण सम्पन्न भई सकेका संरचनाहरु, एकतलाको स्वकिृती लिई दुई वा यो भन्दा बढी तला थप गरी निर्माण सम्पन्न भई सकेका घर संरचनाहरुको अभिलेखीकरण गर्नको लागि छुट्टै नक्सा पेश गर्नु पर्नेछ ।

५. सरकारी, सार्वजनिक, प्रति वा ऐलानी जग्गा मिचेर बनेका, घर तथा भौतिक संरचनाहरुलाई अभिलेखीकरण गरीने छैन । नगरपालिका स्थापना भई सके पछि विभिन्न प्रयोजनको लागि नक्सा अभिलेख गरिएका घर तथा भौतीक संरचनाहरु कुनै कारणबस सरकारी मापदण्ड अनुसार भत्काउनु पर्ने भएमा कुनै किसिमको मुआब्जा दाबी नगर्ने

शर्तमा अभिलेखीकरण तथा नामसारी मापदण्ड अनुसार भत्काउनु पर्ने भएमा कुनै किसिमको मुआब्जा दाबी नगर्ने शर्तमा अभिलेखीकरण तथा नामसारी गरिनेछ। यसरी अभिलेखीकरण तथा नामसारी गरिएका घरहरु सडकको अधिकार क्षेत्र भित्र पर्ने भएमा अभिलेखीकरण तथा नामसारी गरिएकै आधारमा कुनै किसिमको मुआब्जा दाबी लर्न पाईने छैन ।

६ कुनै व्यक्ति विशेष तथा सार्वजनिकको जग्गा मिचेर बनाएका भौतीक संरचना निर्माण गरी अभिलेखीकरण गर्न माग गरेको अवस्थामा अभिलेखीकरण गरिने छैन ।

७. कुनै पनी “क” वा “ख” वर्गको भवन स्ट्रक्चरल डिजाईन गर्नका लागी कम्तिमा स्नातकोत्तर वा तिन (३) बर्ष अनुभवी ईन्जिनियर ले डिजाईन गरेको हुनुर्नेछ ।

८. यो कार्यविधि लागु भए पछि सरकारी भवन, सामुदायिक विद्यालय लगायतका भवनहरुको अभिलेखीकरण प्रक्रिया यसै कार्यविधि बमोजिम हुनेछ ।

९. साथै नगरपालिकामा नक्सा दर्ता गरी नक्सा पासको प्रकियामा आएका तर निर्माण कार्य सम्पन्न प्रमाणपत्र लिनुपर्ने अवधी सकिएको र निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधी थप नगरिएको खण्डमा त्यस्ता भवन तथा संरचनाको नियमित गर्न सकिने छ ।

## परिच्छेद–३

## अभिलेखीकरण सम्बन्धी मापदण्ड तथा तला थप सम्बन्धी व्यवस्था

१०. **अभिलेखीकरण सम्बन्धी मापदण्ड** : नगरपालिका क्षेत्रभित्र बनेका विभिन्न प्रकारका घरहरुको निम्नानुसारको बर्गिकरणको आधारमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ ।

(क) नगरपालिका स्थापना हुन भन्दा अगाडी निर्माण भएका तथा

नगरपालिका स्थापना भए पश्चात निर्माण भएका कच्ची सामान्य घरलाई प्रमाणित गरी प्रमाण पत्र दिईनेछ ।

(ख) टिनको छानो भएका अस्थायी घर जुन माटोको जोडाइमा बनेको छ त्यस्तो घरलाई प्रमाणित गरी प्रमाण पत्र दिइनेछ ।

(ग) टिनको छानो भएका सामान्य घर जुन सिमेन्ट जोडाइमा बनेको छ त्यस्तो घरलाई प्रक्रिया अनुसार अभिलेखीकरण गरिनेछ ।

(घ) नगरपालिका स्थापना भएपछी नक्शा पास प्रक्रिया नगरी आफुखुशी ढंगले निर्माण भएका घरहरु ९ x ९ र ९ x १२ को पिलरमा आर.सी.सी. फ्रेम स्ट्रक्चर घरहरु नयाँ घरको नक्सा दर्ता भएको तर नक्शा पास नगराई घर सम्पन्न गराएका घरहरु, नयाँ घरको नक्सा दर्ता भई इजाजत लिएको तर सुपर स्ट्रक्चर नलिई घर सम्पन्न गराएका घरहरुलाई प्रक्रिया पुर्‍याई अभिलेखीकरण गरिनेछ ।

## परिच्छेद-४
## थप दस्तुर सम्बन्धी व्यवस्था

११. नगरपालिका स्थापना हुन भन्दा पहिला बनेका घर तथा भौतिक संरचनाहरुलाई हालको मूल्याङ्कन अनुसारको शुल्क लिएर अभिलेखीकरण गरिनेछ ।

१२. नगरपालिका स्थापना भएपछी आफुखुसी ढंगले निर्माण भएको ९ x ९, ९ x १२, १२ x १२ वा सो भन्दा बढी साईजको पिलर भएको घरको अभिलेखीकरण गर्दा कुल लाग्ने दस्तुरमा ५० प्रतिशत थप दस्तुर लिई अभिलेखीकरण गरी दिन सकिने छ ।

१३. नगरपालिका स्थापना भएपछि नक्सा पासको लागि निवेदन दिएका तर त्यस पश्चात कुनै किसिमको कानूनी प्रक्रिया पुरा नगरेका तर निर्माण कार्य सम्पन्न घर तथा भौतिक संरचनाहरुलाई सोको ३५ प्रतिशत थप

दस्तुर लिई अभिलेखीकरण गरी दिन सकिने छ।

१४. नक्सा पासको लागि निवेदन दर्ता भइ इजाजत लिएका तर सुपर स्ट्रक्चर इजाजत नलिई घर तथा भौतीक संरचनाको निर्माण कार्य सम्पन्न गराएकालाई हालको मूल्याङ्कन अनुसार लाग्ने दस्तुरको ३० प्रतिशत थप दस्तुर लिई अभिलेखीकरण गरी दिन सकिने छ।

१५. नक्सा पासको लागि निवेदन दर्ता गरी इजाजत लिएको भन्दा बढी तला वा क्षेत्रफल निर्माण गरेको भएमा त्यस्तो घरलाई सम्पूर्ण तलाको मूल्याङ्कन अनुसार मूल्याङ्कन गरी इजाजत लिएको तलाको २० प्रतिशत थप दस्तुर र बढी बनाईएको तला वा क्षेत्रफल हालको मूल्याङ्कन अनुसारको मूल्याङ्कन रकम तथा सोको २५ प्रतिशत थप दस्तुर लिई साविकको नक्सा दर्ता खारेज गरी पुनः सबै तलाको नक्सा पेश गर्न लगाई अभिलेखीकरण गरी दिन सकिने छ।

१६. स्वीकृती नलीई कम्पाउण्ड बाल निर्माण गरेको भएमा हालको मूल्याङ्कन अनुसार लाग्ने दस्तुर र सोमा १० प्रतिशत थप दस्तुर लिई अभिलेखीकरण गरी दिने।

१७. नगरपालिकामा अभिलेखिकरणका लागी दरखास्त दर्ता गरी दर्ता गर्दाको समय भन्दा बढी क्षेत्रफल निर्माण भएको पाइएमा त्यस्ता निर्माण भवन वा संरचनालाई लाग्ने राजस्वमा ५० प्रतिशत थप राजस्व लिई सम्पुर्ण क्षेत्रफलको  अभिलेखीकरण गर्न सकिनेछ।

१८. नगरपालिकाबाट अनुमति लिई निर्माणकार्य सम्पन्न गरेका तर निमाणकार्य सक्नुपर्ने अवधी सकिएका घरलाई, प्रतिवर्ग फिट रु १ का दर र बढेको क्षेत्रफलमा सडक मापदण्ड बमोजिमको दस्तुर  भराई नियमित गर्न सकिनेछ। तर निजले स्विकृत नक्सामा कुनै फेरबदल गरे को खण्डमा जम्मा पहिले लागेको राजश्वमा ३० प्रतिशत थप राजस्व भराई अभिलेखिकरण गर्न सकिनेछ।

१९. **नक्सा पास दस्तुर सम्बन्धमा** : यस चापाकोट नगरपालिका क्षेत्रभित्रका विभिन्न सडक क्षेत्राधिकार भित्र रहेका भवन तथा घरहरुको नक्सा पास

दस्तुर सम्बन्धमा **अनुसूचि-१** मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद – ५
## विविध

२०. **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा संशोधन गर्नु परेमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

२१. **प्रचलीत कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलीत नेपाल कानून बमो जिम हुनेछ ।

२२. यो कार्यविधि लागुहुन अघि अभिलेखिकरण गरीएका भवन वा भौतिक संरचनालाई पनि यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

# अनुसूचि - १

(परिच्छेद ४, दफा १९ सँग सम्बन्धित)

## चापाकोट नगरपालिकाको नक्सापास दस्तुर

| क्र.स | सडकको नाम | प्रति वर्गफिट रु. | सडकको क्षेत्राधिकार | कै. |
|---|---|---|---|---|
| १ | मदन आश्रित चौकी लाइन-बैडी फिरफिर् पानी ट्याँकी | ४ | १० मी. | |
| २ | सुत्केरी ढुँगा -जनहित उ.मा.वि. दामाचौ, बगैचा | ४ | १० मी. | |
| ३ | सुत्केरी ढुँगा-चर्कीटार हुदै दामाचचौर बजार भाग | ४ | ८ मी. | |
| ४ | गिद्दगौंडा-बैडी-निर्दीम पक्की पुल-गण्डकी नि.मा.वि.चोसी-घारीखण्ड | ३ | १० मी. | |
| ५ | छितेखोला-बासकोट-बर किोट-रचनेटार- चोसी हुदैं क्याम्पस खण्डसम्म | ३ | १० मी. | |
| ६ | राधाकृष्ण मन्दिर-सोमी चौपारी-बेल्चौर शिव मन्दिर-सोमीचौपारी-कोलेठी रचने कृष्ण मन्दिर खण्ड | ३ | १० मी. | |
| ७ | फुल्बारी-बासकोट खण्ड | ३ | १० मी. | |
| ८ | फुल्बारी-डईटार-छेउघर-हर्मिचौर चौपारी | २ | ७ मी. | |
| ९ | साविक चापाकोट गा.वि.स वडा नं. ५ का माथि उल्लेखित बाहेकका सबै सडक खण्ड | ३ | १० मी. | |
| १० | बैल्चौर-छविसे-माँझिगाँउ बेल्चौर -ठाँटी सेराराजाबारी चोक | २ | ७ मी. | |
| ११ | किसान जिरो -चिलाउसा | २ | ७ मी. | |

| | | | | |
|---|---|---|---|---|
| १२ | किसान चिलाउसा-किसान कालिआँप छितेघाट | २ | ७ मी. | |
| १३ | माथिल्लो चिलाउसा-भ्रुरौलीबारी हुदै तल्लो गल्याङ्ग चापाकोट सडक | २ | ८ मी. | |
| १४ | झरिकटुवा-उटक-भुमरीघाट खण्ड | २ | ८ मी. | |
| १५ | जोगीनाम्सा-चौघेरा-रोन्दी-पैदी वारी कुना ठाटि भंज्याङ्ग नेपालडाडा तिनपिप्ले दामाचौर नहर ढिक | १।५ | १० मी. | |
| १६ | माथिल्लो फुलकारी-बुढिपिपल-चिर्के थुम्का ठाटिभञ्ज्याङ्ग चण्डीयान भञ्ज्याङ्ग-अर्यालगाउँ | १।५० | १० मी. | |
| १७ | क्वामी चौराहाचोक-क्वामीवजार-इप्रका खेलमैदान हुदै गल्याङ्ग चापाकोट सडक | ३ | १० मी. | |
| १८ | क्वामी थरपाटि | २ | ८ मी. | |
| १९ | छिपछ्राप -कृष्णपुर स्थित गल्याङ्ग चापाकोट दामाचौर ग्रामीण सडकको उत्तरतर्फको सहायक सडक | ३ | १० मी. | |
| २० | छिपछ्राप -कृष्णपुर देखि कण्ठदेवी ग्रापीण सडक देखि रत्नपुर हटिया देखि कण्ठदेवी ग्रामीण सडकमा पर्ने सडकको दायाँवायाँ भाग | १।५ | ८ मी. | |
| २१ | क्वामी चौराहाचोक गल्याङ्ग चापाकोट दामाचौर सडकवाट दक्षिण भाग दिम्पा वगैचा मुकुन्देखोला वगैचा दे खि नहरअफिस माडि फाट दामाचौर सहायक सडक आसपास | २ | ८ मी. | |
| २२ | दामाचौर बजारदेखि निमार्णधिन पक्कि पुल झोलुङ्गे पुल जाने सडक | ४ | ८ मी. | |

| | | | | |
|---|---|---|---|---|
| २३ | दामाचौर-चर्किटार-ढाक्रेघाट सडक दायाँवायाँ | ३ | ८ मी. | |
| २४ | गाडाचौपारि पाकरी हुदै चिलाउने पधेरा ढिकसम्म दायाँवायाँ | ३ | ८ मी. | |
| २५ | हेल्थपोष्ट-मजुवा पाकरी सडक खण्ड | ३ | ८ मी. | |
| २६ | बुद्ध वोर्डिङ्ग स्कुल सडकको दायाँवायाँ | ४ | ८ मी. | |
| २७ | भु.पु. सैनिक आवाशिय अंग्रजी विद्यालय आसपासका डिक | ४ | ८ मी. | |
| २८ | बारीकुना चोक धुर्तपापेश्वर मन्दिरवाट छाप वायडाडा किसान | १।५ | ८ मी. | |
| २९ | छाप-खोलागाउँ मगरे-वरीडाँडा मैदान सडक आसपास | १ | ८ मी. | |
| ३० | सातदोवाटो-आँधिघाट जोगीकुटि भोन्द्रा सडक आसपास | २ | ८ मी. | |
| ३१ | थप भएका साँखर मुख्य बाटो | ३ | ८ मी. | |
| ३२ | साँखर अन्य भित्रि भाग | १ | ६ मी. | |
| ३३ | केलादी पक्की पुल हुदै रिमाल्दसिम्मको बजार क्षेत्र | ३ | ८ मी. | |
| ३४ | दार्सिङ्गचोक सुख्य क्षेत्र आसपास | ३ | ८ मी. | |
| ३५ | मिर्दी भिमाद सडक आसपास | ३ | ८ मी. | |
| ३६ | सेखाम | १ | ८ मी. | |
| ३७ | चापाकोट चौघेरा रिङ्गरोड आसपास | २ | ८ मी. | |
| ३८ | पकवादी अन्य क्षेत्र | १ | ८ मी. | |
| ३९ | चर्किटार-सिम | २ | १० मि. | |
| ४० | दामाचौर-ढाक्रेघाट पुल-सिम | २।५ | १० मि. | |
| ४१ | दामाचौर-वन अफिस-जैनटार पधैँरो | ३ | ८ मि. | |
| ४२ | कसेनी-झोलुङ्गे पुल जाने सडक भन्दा पूर्वतर्फका सबै सडकहरु | ३ | ६ मि. | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | सुन्तलीटार बजार-गाढाचौपारी-बुढीपिपल | ४ | १२ मि. | |
| ४४ | काम्ती बडहरे (वडा नं.-३ हुँदै जाने सडक) | २ | ८ मि. | |
| ४५ | चिपाडि पधेँरो-खोरीया घाट मन्दीर | २ | १० मि. | |
| ४६ | दामाचौर बजार-बजारबाट ज्याग्दी दोभान जाने सडक | ४ | १० मि. | |
| ४७ | फुलबारी चोक-बुढीपिपल | ३ | ८ मि. | |
| ४८ | फुलबारी-डुइटार-शिवेनी | २ | १० मि. | |
| ४९ | घुर्लीचौर-लब्दा-दुम्सीखोला | १ | ८ मि. | |
| ५० | घुर्लीचौर-कोटगाउँ | १ | ६ मि. | |
| ५१ | घुर्लीचौर-लमीडाँडा-चिन्नेवास जाने सडक | १ | १० मि. | |
| ५२ | चर्किटार( कुमाल संग्रालय देखि माथी) झोलुङ्गे पुलसम्म | २ | ६ मि. | |
| ५३ | किनारेभञ्ज्याङ्ग-ज्यामीरे-काम्ती | २ | १० मि. | |
| ५४ | केलादी खोला-देवीस्थान-मजुवा | ३ | १० मि. | |
| ५५ | मजुवा-केलादी घाट(तल्लो सडक) | ३ | १० मि. | |
| ५६ | बर्रावोट-सेरा | २ | १० मि. | |
| ५७ | छितेखोला-चोसी-दारेगौंडा-दीम्पा-माडि-दामाचौर | ३ | २० मि. | मिति २०७४/१२/०९ को कार्यपालिका निर्णय नं. ७ बमोजिम |
| ५८ | चापाकोट सिमाना सम्पास-सुन्तलीटार- क्वामी-दामाचौर तल्लो | ४ | १२ मि. | मिति २०७५/१०/२० को |

| | | | | |
|---|---|---|---|---|
| | भाग- मिलन चोक-रिमाल्दी हुँदै साँखर सम्म | | | कार्यपालिका निर्णय नं. ७ बमोजिम |
| ५९ | चापाकोट सुन्तलीटार बजार क्षेत्र-फुलबारी-घारि-चापाकोट अस्पताल हुँदै मजुवा जाने सडक | ४ | १२ मि. | मिति २०७५/०१/०७ को कार्यपालिका निर्णय नं. ५ बमोजिम |
| ६० | सिम-मकैडाँडा-काम्ती-दार्सिङ्ग पक्की पुलसम्म | २ | १० मि. | |
| ६१ | हिलामऱ्याङ-घुर्पाल- हिलामऱ्याङ-रामडाँडा | २ | १० मि. | |

माथि उल्लेखित प्रतिवर्गफिट दररेट भवन/घरको भुईतलाका लागि लागु हुनेछ । भवन/घरको पहिलो तलाका लागि ताकिएको प्रति वर्गफिटमा रु.१ थप हुनेछ । साथै दोस्रो तला र सो भन्दा माथिल्लो तलाका लागि तोकिएको प्रति वर्गफिटमा रु.२ थप हुनेछ । साथै शाखा सडकको हकमा जोडिएको मुलसडक बरावरको दस्तुर लाग्नेछ । तथा माथि उल्लेखित वाहेकको सबै सडकमा ६ मी. सडक क्षेत्राधिकार लागु हुनेछ । साथै १०० मिटर वा सो भन्दा कम लम्बाई भएका सडक, वा दोहोरो निकास नभएका (Dead End) सडकको हकमा भने ४ मिटर सडक क्षेत्रधिकार कायम रहने छ ।

२०७७ चैत्र ०५ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**